“संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल आधार, महिलाको शरीर, श्रम र पहिचानमा आफ्नो अधिकार”

महिला मञ्च

१५–१७ चैत्र, २०७४

## प्रदेश नं. ७ का जनप्रतिनिधि महिला र महिला मानव अधिकार रक्षकहरुद्वारा पारित

# धनगढी घोषणा-पत्र

नेपाली नागरिकको राजनीतिक सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरण सहितको स्वतन्त्रता, महिला अधिकार, आफ्नो शरीरमाथि आफ्नो अधिकार प्राप्त गरि सम्मानपूर्वक बाँच्न पाउने अधिकार स्थापित गर्नको लागि १०० वर्ष अगाडी देखि योगमाया न्यौपाने लगायत विभिन्न महिलाहरुको नेतृत्वले गरेको निरन्तर संघर्ष र बलिदानीलाई स्मरण गर्दै,

सामाजिक न्याय र लोकतन्त्रका लागि आफ्नो प्राणको आहुती दिने इतिहासका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुहरुप्रति उच्च सम्मान व्यक्तगर्दै,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि गरिएका विभिन्न राजनैतिक/सामाजिक आन्दोलनहरु, २०४६ सालको लोकतन्त्र पुनस्थापनाको आन्दोलन, २०५२ साल देखि शुरु गरिएको १० वर्षे सशस्त्र द्वन्द्व, ०६२/६३ को दास्रो जनआन्दोलन, दलित आन्दोलनहरु, भूमि आन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलन लगायतका विभिन्न सामाजिक/राजनीतिक आन्दोलनहरुमा नेपाली महिलाले गरेका संघर्ष र बलिदान प्रति गौरवान्वित अनुभूत गर्दै,

महिलाले हरेक सामाजिक, आर्थिक तथा राजनैतिक आन्दोलनमा अग्रणी भुमिका निर्वाह गर्दै आएता पनि २०७४ सालमा सम्पन्न भएका सबै तहका निर्वाचनमा महिलाको प्रमुख नेतृत्वदायी भूमिकालाई राजनीतिक दलहरुले स्वीकार गर्न नसकेको व्यवहारप्रति खबरदारी गर्दै, महिलाको नेतृत्वदायी सहभागिताका लागि प्राप्त उपलब्धीको रक्षा गर्न स्थानीय तहदेखि नै सचेततापूर्वक कार्यसम्पादन गर्नुपर्ने आवश्यकता आत्मससाथ गर्दै,

संविधानसभाबाट संविधान जारी भई तीनै तहको निर्वाचन सम्पन्न भैसकेपछि देशमा राजनीतिक रुपमा संक्रमणकाल अन्त्य भएको भनिएता पनि सशस्त्र द्वन्द्वका बेला युद्धरत दुबै पक्षहरुबाट महिलामाथि भएका यौनजन्य हिंसा, यातना लगायतका विभिन्न प्रकारका गम्भीर मानव अधिकार उल्लघंनका सवालहरुको सम्बोधन हालसम्म पनि हुन नसकेको कारण महिलाहरु शान्तिको लाभांशबाट बञ्चित रहेको, द्वन्द्वका घाउ लिएर बाँच्न विवस भएको यथार्थप्रति गम्भीर ध्यानाकर्षण गराउँदै,

संघिय लोकतान्त्रीक गणतान्त्रिक मूल्यमान्यतामा आधारित संविधानले प्रत्याभुत गरेको समानता, सामाजिक न्यायमा आधारित बिभेदमुक्त समाजवाद उन्मुख नयाँ नेपालका लागि महिला अधिकारको संरक्षण, सम्वर्द्धन एवम् सशक्तिकरण गर्ने उद्देश्यलाई केन्द्र विन्दुमा राखि, संविधानले प्रत्याभूत गरेका समानताको हक, महिलाको हक लगायतका मौलिक अधिकारहरुलाई आत्मसात गरी ती हक अधिकारहरुलाई वास्तविक रुपमा कार्यान्वयन गर्ने/गराउने जिम्मेबारी स्थानीय तह देखि लिन संकल्पित हुँदै,

नेपाल मानव विकास र लैगिंक समानता सुचांकको स्तरोन्नतीका लागी प्रदेश नम्बर ७ मा बिशेष कार्य गर्नु पर्ने आवश्यकता बोध गरी महिला आन्दोलनका सबै मुद्दाहरु वर्गीय आन्दोलनका मुद्दाहरु हुन्

भन्नेतर्फ सचेत हुन सबैलाई आग्रह गर्दै, देशमा सदियौंदेखि जरा गाडेको सामन्ती पितृसत्तात्मक व्यवस्थाको जगमा स्थापित सामाजिक मूल्यमान्यताहरुमा परिवर्तन, भूमि लगायतका उत्पादनका साधनहरुमा पहुँच स्थापित गर्न अहिलेसम्म सामन्तवादको अवशेषको रुपमा रहेको भूमि साथै सम्पुर्ण उत्पादनका साधन र स्रोतहरुको व्यवहारिक रुपमै समान वितरण गर्नुपर्ने तथ्य तर्फ सबैको ध्यानाकर्षण गराउदै,

उत्पादन सम्बन्धहरुमा परिवर्तन ल्याउन महिलाको श्रम, विशेषतः घरेलु, कृषि, अनौपचारिक तथा मनोरन्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरु लगायतका अन्य सेवामूलक मानिएका श्रमहरुलाई औपचारिक श्रमको दायरामा ल्याई मर्यादित श्रमका रुपमा स्थापित गर्न उनिहरुको पहिचान सम्मान र सुरक्षाको व्यवस्थाको लागि अबिलम्ब पहल गर्नुपर्ने आश्यकता बोध गर्दै,

महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा स्थापित गर्ने, विभेदपूर्ण सामाजिक/सांस्कृतिक, धार्मिक मूल्य मान्यतामा आधारित विभिन्न प्रथा परम्परा एवं परम्परागत रुपमै यौन शोषण भोग्न बाध्य पार्ने जस्ता हानिकारक परम्परागत अभ्यासहरुको अन्त्य हुने वातावरण निर्माण नगरेसम्म नेपालको संविधान २०७२ मा उल्लेखित समाजवाद उन्मुख अर्थव्यवस्थाको परिकल्पना, सरकारद्धारा सिघ्र अल्प विकसित राष्ट्रबाट विकासशिल राष्ट्रमा स्तरोन्नति गर्दै सन् २०३० सम्ममा प्राप्त गर्ने भनिएको दिगो विकासका लक्ष्यहरु नारामा मात्रै सीमित हुने यथार्थता तर्फ गम्भिर हुँदै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६, सवै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि १९६५, महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि १९७९, यातना तथा अन्य क्रुर अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४, बालअधिकार महासन्धि १९८९, अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धी महासन्धि २००६, आइ. एल. ओ. महासन्धिहरु लगायत विभिन्न मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले सुनिश्चित गरेका महिलाहरुको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको सम्मान गर्न प्रतिबद्ध रहने उद्घघोष गर्दै,

२०७४ चैत्र १५ गतेदेखि १७ गतेसम्म, कैलालीको धनगढीमा आयोजित प्रदेश नम्वर ७ को प्रदेशस्तरीय यस महिलामञ्चमा ९ जिल्लाबाट उपस्थित हामी स्थानीय तहका जनप्रतिनीधिहरु, महिला मानवअधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरु गरि ३०० भन्दा बढी संख्यामा रहेका स्थानीय तहका जनप्रतिनीधीहरु र महिला मानव अधिकार रक्षकहरु यस मञ्चबाट यो १४ बूँदे घोषणापत्र जारी गर्दछौ ।

हाम्रा घोषणाहरु :

१. राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक रुपान्तरणका लागि महिलाको समानुपातिक समावेशीता सहितको निर्णायक नेतृत्व अभ्यासका लागि विशेष योजना सहितको कार्यक्रम तय र कार्यान्वयन गर्न नेतृत्व र सहकार्य गर्नेछौं ।

२. सबै प्रकारका हानिकारक प्रथा, परम्परा र कुरितीहरुलाई अन्त्य गर्न छाता कानूनको निर्माण साथै स्थानीय तह देखि राष्ट्रिय तहसम्म रणनीति बनाई लागू गर्न सहकार्य एवं नेतृत्व लिनेछौं ।

३. महिला भित्रको अन्तरसमूहगत महिलाहरुः विशेषगरी दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, थारु, एकल महिला, विधवा महिला, घरमुली भएको महिला, लैगिंक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका महिला लगायतका आर्थिक, सामाजिक, सांस्कृतीक, जैविक, धार्मिक, भाषिक, भौगोलिक रुपमा

सिमान्तकृत महिलाहरुको सशक्तिकरणका लागि भएका ऐन, नियम, नीति, कार्यक्रम कार्यान्वयन गर्न अभियान संचालन गर्ने छौ ।

४. संविधान प्रदत मौलिक हकमा उल्लेखित महिलाको वंशीय हकलाई उपयुक्त कानुन बनाई कार्यान्वयनमा नल्याएसम्म महिलाको आत्मसम्मान पूर्वक बाँच्न पाउने वातावरण निर्माण हुन नसक्ने र महिलाको पराधिनताको अन्त्य नहुने तथ्यप्रति राज्यलाई ध्यानाकर्षण गराउन पहल र सहकार्य गर्नेछौँ ।

५. नागरिकताको सम्बन्धमा वर्तमान संविधानको धारा ११ (५) र ११(७) का प्रावधानहरुबाट लैङ्गिक असमानता र राज्यविहीनताको अवस्था सृजना भएको एवं धारा ११(६)को प्रावधानले दम्पतीको समान हक सुनिश्चत हुन नसक्ने बाझिएका कानुनहरु संसोधन गर्न सबैको ध्यानाकर्षण गर्दै, सो प्रावधानहरुमा अविलम्ब संशोधन गर्न पहल गर्नेछौँ ।

६. संविधानले सुनिश्चित गरेको नागरिकको आधारभुत अधिकार (गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको) पूर्ण कार्यान्वयनका लागि दलित, भूमीहिन किसान, मुक्त कमैया, कमलरी, हलिया, अपागंता भएका व्यक्तिहरु, सुकुम्बासी तथा विपन्न र सीमान्तकृत समुदायका महिलाको भूमि तथा सुरक्षित बास माथिको अधिकारको सुनिश्चितता साथै स्थानीय स्रोत साधनमा पहुँच कायम गर्न नीति निर्माण गरी वडास्तरबाटै आवश्यक कार्यान्वयन गर्न नेतृत्व र सहकार्य गर्नेछौ । शिक्षा, स्वास्थ्य, कृषि, रोजगारीको अनिवार्य व्यवस्था गर्न र स्थानीय तहदेखि नै आत्मनिर्भर बनाउने किसीमका, क्षमता अभिबृद्धि, सिपमुलक तालिमका लागि बजेट विनीयोजन गरि कार्य गर्न नेतृत्व र सहकार्य गर्नेछौ ।

७. महिलाको प्रजनन् तथा यौन स्वास्थ्य (पाठेघर खस्ने, एचआईभि संक्रमित लगायतका) अधिकार, मानशिक स्वास्थ्य सुनिश्चितताका लागि आवश्यक नीति निर्माण गरि स्वास्थ्यलाई पूर्ण रुपले परिभाषित गदै निःशुल्क स्वाथ्य उपचारको र सुरक्षाको प्रत्याभूतिको लागि सबै प्रकारका विभेदपूर्ण व्यवहारहरुको अन्त्य गर्न नेतृत्व एवं सहकार्य गर्नेछौं ।

८. देशको समग्र विकासको नै बाधाको रुपमा रहेको लैगिंक असमानता, जातिय तथा वर्गिय विभेद अन्त्यका लागि वडास्तरबाट नै सोच परिवर्तन हुने खालका अभियानहरु सञ्चालन गर्न नेतृत्व र सहकार्य गर्नेछौ ।

९. घरेलु लगायत सबै सेवामूलक कामलाई मूल्य र उत्पादनमूलक कामको रुपमा रुपान्तरण गर्न नीतिमा समावेश गर्नको लागि नेतृत्व र सहकार्य गर्नेछौ ।

१०. संविधान प्रदत सामाजिक सुरक्षाको हकः कृषि, गिट्टी कुट्ने, बालुवा चाल्ने, घरेलु श्रमिक जस्ता जोखिमपूर्ण र अनौपचारिक तथा मनोरञ्जनका क्षेत्रमा कार्यरत महिलाहरुले समेत प्राप्त गर्न सक्ने स्थिति निर्माण गर्न समुदाय तहदेखि नै नेतृत्व एवं सहकार्य गर्ने प्रतिबद्धताका साथ यसका लागि आवश्यक नीतिगत व्यवस्थाको निर्माणका लागि पहल गर्नेछौं ।

११. महिलाहरुको स्वपहिचान हुने स्थितिको सिर्जनाका लागि पर्यटन, बन, वातावरण र औधौगींक क्षेत्रमा महिलाका उल्लेखनिय सहभागीतालाई प्राथमिकतामा राख्दै यी क्षेत्रहरुलाई मर्यादित र व्यवस्थीत बनाउँदै महिलाको श्रममा पहुँच र नियन्त्रण सुनिश्चित गर्न नेतृत्व लिनेछौ ।

१२. संक्रमणकालीन न्यायको व्याख्या महिलाको दृष्टिकोणबाट अझैसम्म पनि हुन नसकेको सन्दर्भमा द्वन्द्वपीडित तथा प्रभावित विशेषतः यौनजन्य हिंसा र यातना भोग्न बाध्य महिलाको आवाजलाई संक्रमणकालीन न्याय प्रक्रियामा राज्यबाट मौन गराइएकोप्रति ध्यानाकर्षण गराउँदै, द्वन्द्व पीडित तथा प्रभावित महिलाको आत्मसम्मानसहितको सत्य, न्याय र परिपूरणकालागि अविलम्ब व्यवस्था गर्न साथै संक्रमणकालीन न्यायलाई कानुनी ब्याख्याको परिधीबाट फराकिलो पारी महिलालाई स्व–न्याय,

पारीवारिक न्याय र सामाजिक न्यायको अनुभूति गर्ने संयन्त्र र वातावरण निर्माणको नेतृत्व र सहकार्य गर्नेछौ ।

१३.समानुपातिक समाबेशी सिद्धान्तलाई अक्षरशः रुपमा कार्यानवयन गर्न प्रदेश नम्बर ७ का महिलाको शिक्षा, सम्पत्ति र अर्थपुर्ण सहभागीतामा पहुँच बढाउन प्रदेश सरकारद्धारा कानुन बनाउन वातावरण निर्माण गर्न नेतृत्व र सहकार्य गर्नेछौँ ।

१४.न्यायमा पहुँच सुनिश्चित गर्नका लागि एकिकृत कानुनी सेवा नीति निर्माण तथा लागु गर्न अधिकारमुखी सिद्धान्तमा आधारित लैङ्गिक न्यायको प्रत्याभूतिको लागि संविधानमा रहेका सुविधा जस्ता शव्दहरुलाई अधिकारको रुपमा परिणत गर्नको लागि संशोधन गर्न नेतृत्व लिनेछौ ।

प्रदेश नम्बर ७ का हामी स्थानीय तहका उप प्रमुख लगायतका जनप्रतिनीधिहरु, महिला मानव अधिकार रक्षकहरु, सामाजिक न्याय तथा लोकतन्त्रप्रति विश्वास राख्ने नागरिक समाजका प्रतिनिधिहरु आफ्नो तर्फबाट महिलाको मानव अधिकारको संरक्षण र प्रवर्द्धनकालागि प्रतिबद्धता जाहेर गर्दै, यो घोषणापत्र अनुरुपका व्यवस्था स्थानीयतहदेखि नै स्थापित गर्न/गराउन निरन्तर अभियानरत तथा प्रतिबद्ध रहनेछौ ।

धनगढी, प्रदेश नम्बर७, चैत्र १७-२०७४